साना किसान विकास बैंक (वित्तीय संस्था)को प्रकाशन

# साना किसान

द्वैमासिक

वर्ष ४ पूर्णा ङ्क ४, २०६४ पौष-२०६४ माघ

यस अंकमा :

- गरिबको आस्था, साना किसान सहकारी संस्था पृ. ३
- साना किसान विकास बैंकका पाँच वर्ष पृ. ६
- साना किसान विकास बैंकका अपेक्षाहरु पृ. ८

## लघुवित्त सेवा विस्तार प्रतिस्पर्धाको पुरस्कार वितरण समारोह

# गाउँघरमा आर्थिक गतिविधि सुचारु गराउन लघुवित्त संस्थाहरुको भूमिका प्रभावकारी रहेको

- अर्थमन्त्री डा. रामशरण महत




काठमाडौं । अर्थमन्त्री डा. रामशरण महतले मिति २०६४ मंसिर ६ गतेका दिन साना किसान विकास बैंकको केन्द्रीय कार्यालयमा आयोजित "लघुवित्त सेवा विस्तार प्रतिस्पर्धामा विजयी साना किसान सहकारी संस्थाहरुलाई पुरस्कार वितरण समारोह" मा १२ वटा साना किसान सहकारी संस्थाहरुलाई नगद तथा प्रमाण-पत्र प्रदान गरी पुरस्कृत गर्नुभयो ।

पुरस्कृत संस्थाहरुलाई बधाई ज्ञापन गर्दै माननीय अर्थमन्त्री डा. रामशरण महतले कृषि विकास बैंकले वि.सं. २०३२ सालदेखि सञ्चालन गरेको साना किसान विकास कार्यक्रमले विभिन्न चरण पार गरेको कुरा बताउनु भयो । उहाँले स्थानीय साना किसानहरुमा संस्थागत विकास गराई स्थानीय स्तरमा नै स्वायत्त साना किसान सहकारी संस्था गठन गरी यो कार्यक्रमले एउटा नविनतम र सफल अभ्यास शुरु गरेको कुरा उल्लेख गर्नुभयो । माननीय अर्थमन्त्री डा. महतले विगतको लामो द्वन्द्वको समयमा अन्य बैंक गाउँ छाडेर सहर पसेको बेला गाउँघरमा आर्थिक गतिविधि सुचारु गराउन यस प्रकारका लघुवित्त संस्थाहरुको ज्यादै ठूलो भूमिका रहेको र उक्त समयमा साना

(बाँकी अंश पृष्ठ नं. ६ मा)

## हार्दिक बधाई



कृषि विकास बैंकको तर्फबाट यस बैंकको सञ्चालक समितिमा प्रतिनिधित्व गर्नु हुने सो बैंकका उपमहाप्रबन्धक श्री क्षेत्र बहादुर सेजुवाल यस बैंकको सञ्चालक समितिको बैठकबाट सर्वसम्मत रुपमा अध्यक्ष पदमा छानिनु भएकोमा सहर्ष हार्दिक बधाई ज्ञापन गर्दछौं । उहाँको लामो व्यवस्थापकीय अनुभव र कार्यकुशलताबाट बैंकले लघुवित्त बजारमा अग्रणी भूमिका निर्वाह गर्न सकोस् भन्ने शुभेच्छा समेत व्यक्त गर्दछौं ।

**साना किसान विकास बैंक लि.**
(वित्तीय संस्था)
परिवार

## हाम्रो अनुरोध

साना किसान विकास बैंक(वित्तीय संस्था)द्वारा प्रकाशित यो द्वैमासिक पत्रिकाले लघुवित्त तथा सहकारी विकासमा संलग्न भएका संघ/संस्था, विज्ञ र जिज्ञासुहरुसम्म बैंकका क्रियाकलापहरुका साथै लघुवित्त क्षेत्रका राष्ट्रिय/अन्तर्राष्ट्रिय गतिविधिहरु पुऱ्याउन प्रयत्न गर्नेछ । यस पत्रिकामा प्रकाशित सामग्रीले लेखकको निजी विचार र अवधारणालाई स्वतन्त्रता पूर्वक प्रतिविम्बित गर्ने भएकोले उक्त विचारहरु प्रति यस बैंकको सहमति/असहमति रहेको भन्ने अर्थ लाग्ने छैन ।

लघुवित्तको साझा विचार मञ्चको रुपमा प्रकाशन गरिने यस पत्रिकामा लघुवित्त सम्बन्धी खोज, अनुसन्धान, विचार, अनुभव, उपलब्धी, रोचक प्रसंग वा समाचार पठाई सहयोग पुऱ्याइदिन सम्पूर्ण विज्ञ, लेखक, लघुवित्तकर्मी र पाठक वर्ग समक्ष अनुरोध गर्दछौं ।

**पत्राचार ठेगाना**
साना किसान विकास बैंक लि. (वित्तीय संस्था)
शाँखमूलनगर, तिनकुने, काठमाडौं
पो.ब.नं. २१९५६
Email: skbbl@mos.com.np

संरक्षक
श्री उपेन्द्र बहादुर कार्की
प्रमुख सल्लाहकार
श्री खेम बहादुर पाठक
सम्पादक
श्री झलेन्द्र भट्टराई

प्रकाशक
साना किसान विकास बैंक लि.
(वित्तीय संस्था)
मुख्यालय, त्रिपुरेश्वर पो.ब.नं. २०५६, काठमाडौं।
फोन नं. ०१-४४६१६२८/४४८००२१
फ्याक्स ०१-४४७९३०१

निभा: प्रिन्टर्स, इन्नु आवास, काठमाडौंमा मुद्रित ।

## ...................... सम्पादकीय

# नेपाली माटोको लघुवित्त नमूना

साना किसान विकास बैंक स्थापनाको छैठौं वर्षको मध्यान्तमा आइपुग्दा यसका ग्राहक साना किसान सहकारी संस्था २१९ पुगिसकेका छन् । यी मध्ये २०९वटा संस्थाहरु कृषि विकास बैंकद्वारा सञ्चालित साना किसान विकास आयोजनाको व्यवस्थापन स्थानीय साना किसानहरुको लघुवित्त संस्था (साना किसान सहकारी संस्था लि.)हरुले हस्तान्तरण गरी बुझिलिए पश्चात सञ्चालनमा आएका हुन् । बाँकी १० वटा साना किसान सहकारी संस्थाहरुलाई भने नजिकको गा.वि.स मा रहेका अन्य सक्षम साना किसान सहकारी संस्थाले प्रवर्धन भएका हुन । साना किसानहरुद्वारा नै नयाँ नयाँ थप गा.वि.स.हरुमा साना किसान सहकारी संस्था स्थापना गर्न सहयोग पुऱ्याउने कार्यले चालु आर्थिक वर्ष देखि अझ गति लिएको छ । यस वर्ष ७ वटा सक्षम साना किसान सहकारी संस्थाले लघुवित्त सेवाबाट वञ्चित १३ गा.वि.स. का विपन्न एवं साना किसानहरु संस्थागत विकास गरी थप १३ वटा साना किसान सहकारी संस्था स्थापना गर्ने लक्ष्य लिएका छन् । साना किसानहरुले साना किसानहरुको संस्थागत विकासको अनुसरण गरी लघुवित्त सेवाको स्वस्फूर्त रुपमा विस्तार गर्ने अभियानमा हाल नेपाल सरकारको सहयोग आरम्भ भएको छ । यस प्रकारको सहयोको निरन्तरता भएमा सन् २०१५ सम्ममा गरिबीलाई आधा घटाउने सहस्राब्दी विकास लक्ष्य प्राप्त गर्न यस अनुसरण कार्यक्रमबाट समेत उल्लेख्य मद्दत पुग्ने विश्वास लिन सकिन्छ ।

अनुसरण भनेको अर्कोले गरेको कार्यको सिको गर्नु भन्ने अर्थमा बुझिन्छ । नेपाली बृहत् शब्दकोश अनुसार अनुसरणको अर्थ कुनै वस्तु, विषय, विचार, कुरा वा व्यक्तिको पछिपछि लाग्ने काम, नक्कल, देखासिकी मानिएको छ । यसर्थ साना किसान संस्थागत विकास अनुसरण कार्यक्रम भनेको पनि कुनै स्थापित सक्षम साना किसान सहकारी संस्थाको सिको गरी अर्को सक्षम सहकारी संस्था निर्माण गर्ने प्रकृयाको रुपमा लिइएको छ । यस विधिबाट प्रवर्धित संस्थाका सदस्यहरुमा शुरुवात देखिनै अपनत्वको भाव विकास हुन गई पर्याप्त र आन्तरिक पूँजी निर्माण हुने एवं आत्मनिर्भर संस्था बन्न सक्ने पुष्टी भैसकेको छ ।

ग्रामीण विपन्न वर्गहरुको आर्थिक, वित्तीय, सामाजिक र सामुदायिक विकासको लागि स्थानीय सक्षम र दिगो संस्था हुन नितान्त आवश्यक छ । अनुसरण कार्यक्रम यही आवश्यकता पूरा गर्न एक प्रभावकारी उपायको रुपमा प्रमाणित भइसकेको छ । स्थानीय विपन्न तथा साना किसानहरुको सशक्तिकरण र आर्थिक, सामाजिक उन्नतिका लागी चलाइएको सहकारी विस्तार अभियानमा नेपाल सरकारबाट निरन्तर सहयोग हुन आवश्यक छ ।

ग्रामिण बैंक बङ्गलादेशले आफ्नो देशको झण्डै १४ करोडको आवादीमा ४ करोड भन्दा बढी जनसंख्यालाई लघुवित्त सेवामा पहुँच पुऱ्याएर मुलुकको सीमाना नाघेर नोवेल पुरस्कार पाइ सक्दा पनि सो कार्यक्रम भन्दा जेठो साना किसान विकास कार्यक्रम मुलुक भित्र नै सर्वत्र फैलन नसक्नु एक बिडम्बना हो । अनुसरण कार्यक्रम मार्फत यसलाई मुलुक भरी विस्तार गरी सवल, सक्षम साना किसान सहकारी संस्थाहरुको विकास र विस्तारबाट प्रभावकारी रुपमा गरिबी न्यूनीकरण गर्न सकेमा नेपाली माटोले जन्माएको लघुवित्तको यो सुन्दर मौलिक र प्रभावकारी नमुनाले संसार भरी चर्चा पाउने र लघुवित्त सेवा मार्फत नेपालको अर्को पहिचान विश्व सामू निर्माण गर्न सक्ने भएकोले पनि साना किसान सहकारी मोडेललाई विकास र विस्तार गर्न सरोकारवाला सबै पक्षहरु गम्भिर हुनु पर्ने समय आएको छ । अस्तु ।

# बैदेशिक तालिम/गोष्ठी तथा अध्ययन भ्रमण

-सुदन सिलवाल
वरिष्ठ सहायक

**सेमिनार :**

APRACA को आयोजनामा Kunming, China मा April 6-10, 2007 मा सम्पन्न Regional Forum on Rural Finance Policy Environment and Regulatory Framework मा यस बैंकका तत्कालिन महाप्रबन्धक श्री विष्णु प्रसाद गौतमले भाग लिनु भएको थियो ।

APRACA र BAAC को आयोजनामा Royal Thai Navy Convention Hall, Bangkok, Thailand मा October 31-3, November 2007 मा सम्पन्न 2nd World Congress on Agricultural and Rural Finance मा यस बैंकका महाप्रबन्धक श्री उपेन्द्र बहादुर कार्कीले भाग लिनु भयो । नेपाल लगायत ७० देश/संघसंस्थाका १०७ जना प्रतिनिधीहरु सम्मिलित उक्त सम्मेलनमा कृषि र ग्रामिण वित्तको बर्तमान अवस्थाबारे ब्यापक छलफल भई Internatinal Product Exhibition & Technical Fair समेत सम्पन्न भएको थियो ।

**अध्ययन भ्रमण (Exposure Visit) :**

बंगलादेशको Palikarma Sahayak Foundation (PKSF) र ग्रामीण बैंकको अध्ययन भ्रमणमा बैंकका का.मु.मुख्य प्रवन्धक श्री शिवराम प्रसाद कोइरालाको नेतृत्वमा १० जनाको टोली बंगलादेशको राजधानी ढाका तर्फ Jan 05, 2008 का दिन प्रस्थान गरेको छ । टोलीमा साना किसान विकास बैंकका संचालकद्वय श्री सुखदेव त्यौपाने र खेम बहादुर पाठक, प्रवन्धकद्वय श्री बलराम पौडेल र झलेन्द्र भट्टराई, इलाका कार्यालय बुटवलका इलाका प्रवन्धक श्री गोकर्णराज शर्मा, इलाका कार्यालय हेटौंडाका इलाका प्रवन्धक श्री भिम प्रसाद गैरे, साना किसान सहकारी संस्था लि.बनचौरी (महोत्तरी), महारानीझोडा (झापा) र शंकरनगर (रुपन्देही) का अध्यक्षहरु क्रमश: श्री रविन्द्र यादव, श्री पार्वती क्षेत्री र मिना ढकाल सम्मिलित हुनुहुन्छ । यस अध्ययन भ्रमण टोलीले Jan 6 र 7 मा PKSF को Output, Annual Target & Achievements, लगानी नीति र निर्यात पद्वति, प्रमुख वित्तीय सुचकांकहरु, Partnerrs Organizations Credit Operations Method, लघुवित्त बजार र विस्तारले त्यहाँका गरीबी जनताको सामाजीक र आर्थिक उत्थानमा खेलेको भूमिका सम्बन्धमा बिस्तृत अध्ययन र छलफल गर्नेछ । Jan 8 का दिन बोग्रा (Bogra) जिल्लामा रहेको PKSF को Partner Organizations हरु TMSS र SSS को गतिविधी र फिल्ड भ्रमणमा Sameeti (ग्रुप) र ऋणी/उपभोक्ताहरु सँग प्रत्यक्ष भेटघाट गरी छलफल गर्ने कार्यक्रम रहेको छ । Jan 10 मा बगलादेशको ग्रामीण बैंक (Grameen Bank) को अध्ययन भ्रमण गरी उक्त टोली Jan 11, 2008 का दिन राजधानी, काठमाडौं फर्कने कार्यक्रम रहेको छ ।

# गरिबको आस्था, साना किसान सहकारी संस्था



– शिवराम कोइराला
का.मु. मुख्य प्रबन्धक
**साना किसान विकास बैंक**

**पृष्ठभूमिः**

साना किसान सहकारी संस्था लि.को बारेमा चर्चा गर्नु पर्दा यसको इतिहासबारे संक्षिप्त जानकारी राख्नु सान्दर्भिक हुन्छ । वि.सं.२०३२ देखि कृषि विकास बैंकले शुरु गरेको साना किसान विकास कार्यक्रम गरिब र सीमान्त घर परिवार बीच अत्यन्त लोकप्रिय हुन गई आ.व.२०५६/५७ सम्ममा कुल ४२२ आयोजना मार्फत ६५२ गा.वि.स.का करिब २ लाख १० हजार बिपन्न किसान परिवारका करिब १२ लाख जनसंख्यामा लघुवित्त सेवा पुऱ्याएको देखिन्छ । बैंकिङ्ग सेवा उपलब्ध नभएका वा बैंकिङ्ग सेवामा पहुँच हुन नसक्ने आर्थिक र सामाजिक [illegible] पिछडिएका वर्गको उत्थान गरी स्वाभिमानी र सक्षम नागरिक बनाउन लघुवित्त सेवा लगायत अन्य गैर वित्तीय सेवाहरु समेत घर दैलोमा पुऱ्याउने उद्देश्य लिई संचालन गरिएको यो कार्यक्रमलाई व्यापकता दिँदै जानुपर्ने जरुरी नभएको होइन । तर कुनै पनि विकास आयोजना/कार्यक्रम दिगो रुपमा निरन्तरता पाउन लक्षित वर्ग/समुदायको स्वःस्फूर्त सहभागिता र स्वामित्व समेत हुन आवश्यक छ ।

कृषि विकास बैंक स्वयंले संचालन गरेको र स्थानीय साना किसानको स्वामित्व नरहेको कारणले होला यसलाई दिगोरुपमा बिस्तार गर्ने अवस्था रहेन, ग्रामीण क्षेत्रका गरिब बासिन्दाहरुको साझा शत्रुको रुपमा शदियौंदेखि जरा गाडेको गरिबीको चक्रलाई तोडी गरिबलाई समेत विकासको मूलधारमा समाहित गर्ने उक्त कार्यक्रमको विकल्प [illegible] गर्ने क्रममा वि.सं.२०५० देखि साना किसान कार्यक्रमको संस्थागत विकास अभियानको प्रारम्भ कृषि विकास बैंकले गऱ्यो । यस कार्यक्रमको मूल उद्देश्य निम्न थिए:

१.स्थानिय पिछडिएको समुदायहरुको शसक्तिकरण ।

२.स्थानिय विपन्न किसानले आफ्नो समुदायका लागि आफैंहरु मिली विकास योजना निर्माण गर्ने र कार्यान्यवन समेत गर्ने ।

३.समुदायकै स्वामित्व र व्यवस्थापनमा आफ्नो लागि आफैले एउटा वित्तीय मध्यस्तकर्ताको काम गर्ने एउटा दिगो वित्तीय संस्था स्थापना र संचालन गर्ने ।

४.स्थानिय रुपमा उपलब्ध श्रोत र साधनहरुको प्रभावकारी परिचालन गरी सो बाट प्राप्त लाभको उपयोग सबैले समानरुपले गर्ने ।

५.सहकार्य र सद्‌भाव, पारस्परिक विश्वास एवं सामुहिक उत्थानका लागि सहकारीको न्यानो चौतारीमा एकताबद्धरुपले गोलबन्द भई स्वाभिमानी नागरिक भई बाँच्ने वातावरण सृजना गर्ने ।

६.सक्षम, स्वायत्त र दिगो संस्था मार्फत स्थानीय किसानको सीप र उद्यमशीलताको विकास गराई ज्याला रोजगारी होइन स्वरोजगार हुने अवस्था सृजना गर्ने ।

उपरोक्त उद्देश्यहरु परिपुर्ति गर्न स्थानीय साना किसानहरु आफैले कानूनी हैसियत प्राप्त साना किसान सहकारी संस्था लि.हरु दर्ता भई संचालन हुन थाले । २०६४ मार्ग मसान्तसम्ममा यस्ता संस्थाहरुको संख्या २२८ पुगेको, १ लाख ३५ हजार घर परिवारले लघुवित्त सेवा प्राप्त गरेको, ७३ करोड बचत लगायत स्थानीय वित्तीय श्रोत परिचालन भएको, महिला मात्रको ४९ प्रतिशत सहभागीता रहेको तथ्याङ्कले देखाउँछ । यी संस्थाहरुले आफ्ना सदस्य ऋणी किसानहरुलाई लघुकर्जा मात्र प्रवाह गरेको होइनन्, उनीहरुको शसक्तिकरणका लागि नेतृत्व विकास, सीप विकास, शिक्षा र स्वास्थ्य अनि चेतनामूखी कार्यक्रमहरु पनि संचालन गर्ने गरेका छन् । समुदायको आवश्यकता पहिचान गरी सामाजिक र भौतिक पूर्वाधार निर्माण गरेका कैयौं उदाहरण छन् । किसानहरुको आवश्यकता अनुसारको विभिन्न कर्जा, बचत, बीमा, विप्रेषण जस्ता आर्थिक गतिविधीहरु संचालन गरिएबाट गाउँका विपन्न परिवारले सीप र क्षमता अनुसारको आय आर्जनको काम गर्न थोरै पूँजीको लागि साहु महाजनको चर्को ब्याजबाट बिल्लीबाँठ हुन नपर्ने, स-सानो बचत रकम तकिया र मान्द्रो मुनि लुकाएर राख्न नपर्ने, ऋण लिएर खरीद गरेको पशुको कथंकदाचित मृत्यु भएमा पनि घरबार बिहीन हुन नपर्ने, बिदेशमा रहेका आफ्ना मान्छेले पठाएको पैसा घरमै लिन पाइने जस्ता विविध सुविधाहरु प्राप्त भएका छन् । संस्थाबाट दिइने ऋण वा उठाइने बचतमा ब्याज दर कति राख्ने भन्ने कुराको निर्णय कुनै बाह्य व्यक्ति वा निकायले गर्ने नभई आफै निर्धारण गर्न पाउने अनि ऋण, बचत, बीमा तथा विप्रेषणको कारोबार आफ्नै गाउँघरमा गर्न पाउँदा यातायात भाडा र समय बचत हुनुका साथै अन्य अघोषित कुनै पनि थप खर्च व्यहोर्नु नपर्ने, कसैलाई खुसी पार्न उपहार वा कोसेली दिन नपर्ने, वित्तीय कारोबारको समय आफै पनि निर्धारण गर्न सकिने, संस्थाले आर्थिक कारोबारबाट आर्जन गरेको नाफा बाह्य कुनै व्यक्ति, निकाय वा सरकारलाई रतिभर तिर्न नपर्ने बरु तिर्ने सहकारी सदस्यबीच लाभांसको रुपमा विधान अनुसार बाँड्न पाइने र बाँकी रहेको मुनाफा रकमबाट आफैले सामाजिक/सामुदायिक कार्यहरु गरी सामाजीक पूँजी निर्माण हुने हुँदा स्थानीय समुदायको साझा सम्पत्तिको रुपमा यस कल्पवृक्षलाई आघात पुग्ने वा वित्तीय रुपले कमजोर हुने काम कुनै पक्षबाट पनि हुनु हुँदैन ।

एउटै क्षेत्रका केही संस्थाहरु वित्तीय रुपले सुदृढ छन्, बचत र आन्तरिक श्रोतमा दिनानुदिन वृद्धि भई बैंक वा अन्य वित्तीय संस्थाको ऋण नचाहिने भएको छ, सदस्य र ऋणी संख्याको वृद्धि भएको छ, आफ्नो गा.वि.स.का सम्पूर्ण घरपरिवारमा लघुवित्त सेवाको पहुँच पुगीसकेर छिमेकी गा.वि.स.मा पनि सेवा विस्तार गरिरहेका छन्, बर्षेनिको नाफाबाट पूँजी वृद्धि भइरहेको छ । सामाजिक सामुदायिक कार्यहरुमा जनसहभागिता जुटाई साना किसान विकास बैंक मार्फत नेपाल सरकारबाट प्राप्त सानो सहयोगले ठूला ठूला सामुदायिक सम्पत्तिको निर्माण भएको छ, अनि संस्था आफ्नो कार्य क्षेत्रका सबै विपन्न परिवारलाई आश्रय र सुरक्षा एवं समृद्धि दिने साझा चौतारी बनेको छ । यति मात्र होइन साना किसान सहकारी संस्था लि.हरु आफै प्रवर्धक समेत भई स्थापना गरेको साना किसान विकास बैंकको निरन्तर ऋण र प्राविधिक सहयोगबाट सक्षम र दिगो वित्तीय संस्थाको रुपमा स्थापित भै सिकाई र अध्ययनका केन्द्र बनेका छन् ।

तर बिडम्बना, केही संस्थाहरुको वित्तीय स्वास्थ्यको परीक्षण गर्दा निराशाजनक अवस्था देखापर्छ । सदस्यहरु निस्क्रिय रहेका, निस्क्रिय ऋण र असूल हुन बाँकी ब्याज दिनानुदिन बढ्दै गएको आन्तरिक पुँजी निर्माण हुन नसकेका अनि संस्था नोक्सानमा सञ्चालन हुँदा सदस्यले लगानी गरेको शेयरपुँजी वा बचत र ऋण पुँजी नै क्रमिकरुपले मासिँदै गएको पाइन्छ ।

प्रश्न उठ्छ, सबै संस्थाहरु यस्तै किन हुन सकेनन् ? अध्ययन, अवलोकन र अन्तक्रिया कार्यक्रमहरुबाट निम्न कारणहरु देखा परेका छन:

**1. आमसदस्यहरुमा संस्थाप्रतिको अपनत्व नहुनु:** साना किसान विकास कार्यक्रमको संस्थागत विकास गर्ने क्रममा साना किसान सहकारी संस्थाको स्थापना भएको र आयोजना मार्फत कृषि विकास बैंकको ऋण सम्पत्ति हस्तान्तरण भएको र कृषि विकास

बैंकले निरन्तर वित्तीय तथा प्राविधिक सहयोग दिएकोले हालसम्म पनि संस्थाको संचालक/कर्मचारी र सदस्यहरुमा समेत यो संस्था संचालन गर्ने जिम्मा कृषि विकास बैंकको र हाल साना किसान विकास बैंकको हो भन्ने बुझाई रहेको देखिन्छ, जुन गलत र भ्रामक छ। सबै सदस्यले बुझ्न के जरुरी छ भने सहकारीमा दर्ता भए पश्चात यसको व्यवस्थापन, स्वामित्व लगायत आयोजनाबाट लगानी भएको बाँकी ऋण समेत दायित्वको रुपमा संस्थामा हस्तान्तरण भैसकेको छ । स्थानीय साना किसाननै संस्थाका मालिक (Owner) भएको हुँदा आफ्नो लगानीबाट उचित प्रतिफल प्राप्त गर्न र आफ्नो लगानी तथा बचतलाई समेत सुरक्षित राख्न आफैं सजग र होशियार भई संस्थाको ऋण सम्पत्ति हिनामिना हुने वा नासिने काम कुनै हालतमा गरिनु हुन्न । "हाम्रो संस्था-हाम्रो लागि" यो साझा सम्पत्ति हो भन्ने भावनाको विकास सबै सदस्यमा हुनु जरुरी छ ।

२. **साधारण सदस्य र संचालक एवं कर्मचारी बीच विश्वासको संकट हुनुः** केही संचालक तथा कर्मचारी स्वयंले संस्थाबाट ऋण लिई समयमा नतिर्ने वा कर्मचारीले असूल भएको ऋण रकम व्यक्तिगत प्रयोग गर्ने वा हिनामिना गर्ने गरेकोबाट आम सदस्यहरु पनि लिएको ऋण तिर्न नचाहने वा बचत रकम संस्थामा राख्न नचाहने अवस्थाको सृजना भएको देखिन्छ । हरेक सदस्य ऋणीले बुझ्नै पर्ने कुरा के हो भने आफूले खाएको ऋण समयमै तिर्नुपर्छ । ऋण समयमा नतिर्दा वा आलटाल गर्दा एकातिर आफ्नै समुदायको नयाँ सदस्यहरु ऋण सुविधाबाट बन्चित हुन्छन भने अर्कोतिर सदस्यकै बचत र लगानीको पैसा पनि जोखिममा पर्छ। यति मात्र होइन, संस्थाको आय आर्जन क्षमतामा ह्रास हुन जान्छ, किनभने भाखा नाघेको (निस्कृय) कर्जा सम्पत्ति बढ्दै जाँदा ब्याज असूली अवरुद्ध हुने र शंकास्पद ऋण व्यवस्था खर्च समेत बढ्दै जान्छ । यस बाहेक निस्कृय कर्जा सम्पत्ति बढ्नु भनेको संस्थाको पूँजी नास हुनु हो । यसरी पूँजी नास हुनबाट संस्थालाई जोगाउने हो भने ऋण लगानी गर्दाको बखत नै ऋण लिने व्यक्तिको चरित्र, क्षमता, परियोजना, सीप आदि कुराहरु राम्रोसँग विचार गरी शुरुमा थोरै मात्र ऋण अर्थात बचतको चार/पाँच गुणा सम्म मात्र ऋण प्रवाह गर्नुपर्छ ।

३. **सुशासन र पारदर्शिताको अभाव हुनुः** समूह, अन्तरसमूह एवं संचालक समितिको बैठक निर्धारित समयमा नियमित नबस्ने, छलफल र अन्तरक्रियाको माध्यमबाट समस्याको पहीचान गरी समाधानको बाटो खोज्ने परम्पराको विकास नहुने, वार्षिक लेखा परीक्षण तथा साधारण सभा तोकिएको समयमा नगर्ने, आर्थिक कारोवारको जानकारी सम्पूर्ण शेयर सदस्यलाई नगराउने, तालुक कार्यालयहरुमा पठाउनुपर्ने सूचना/प्रतिवेदन नपठाउने वा ढिलो पठाउने जस्ता विकृतिहरुले संस्थाको वित्तीय स्वास्थ्यलाई कमजोर पारी सुशासन र पारदर्शिताको उक्त अभावका कारण वित्तीय अनुशासन एवं कर्जा अनुशासन भंग भई संस्थामा अराजकताले प्रश्रय पाउँछ ।

४. **शेयरधनीमा अधिकार र कर्तव्यको बोध नहुनुः** संस्थाका सम्पूर्ण शेयर सदस्यहरु संस्थाका वास्तविक मालिक हुन् । आफ्ना लागि आफैं नै रोजगारीको अबसर सृजना गरी आय वृद्धि गर्न र आफ्नो जीवनस्तरमा गुणात्मक सुधार ल्याउन संस्थाबाट ऋण पूँजी प्राप्त गर्नु, आफ्नो बचत/निक्षेप सुरक्षित गर्न पाउनु, लघुबीमा कार्यक्रम मार्फत आफू र आफ्नो सम्पत्तिको सुरक्षा गर्नु, टाढा-टाढाबाट आफ्ना मान्छेले पठाएको नगद घरदैलोमा प्राप्त गर्नु सदस्यहरुको अधिकार हो भने लिएको ऋण रकम ब्याज सहित एकदिन पनि ढिलाई नगरी तोकिएको समयमा फिर्ता गर्नु हरेक ऋणी सदस्यको कर्तव्य पनि हो । ऋण लिन कसैलाई सोध्न नपर्ने तर लिएको ऋण तिर्ने बखत फलानो व्यक्तिले यसो भन्यो, उसो भन्यो, परियोजना असफल भयो जस्ता बखेडाहरु झिक्नाले संस्थाको सम्पत्ति र दायित्व बिचको सन्तुलन बिग्रन गई संस्थाको दायित्व फछ्र्यौट गर्ने क्षमतामा ह्रास आउने, संस्थाप्रति आमजनसमुदायको विश्वास घट्ने, ऋणदाताले थप ऋण दिन नचाहने अनि दातृनिकाय र सहयोगी संस्थाहरु पनि सहयोगका कुरामा उदासिन देखिन थाल्छन् । त्यसैले हरेक शेयर सदस्यमा आफ्ना अधिकार र कर्तव्य प्रतिको अनुभूति आवश्यक छ । संस्थाले गरेका आर्थिक कारोवारप्रति चनाखो र सतर्क रहनु, सुशासन र पारदर्शिताप्रति प्रतिबद्ध रहनु हरेक संचालक, कर्मचारी र शेयर सदस्यको दायित्व र जिम्मेवारी पनि हो ।

५. **परनिर्भरताको सोचाई हुनुः** आफ्नो व्यक्तिगत उन्नती र प्रगती तथा आफ्नो संस्थाको समृद्धिका लागि अन्य निकाय वा दाताहरुको मुख ताक्ने बानी कदापि राम्रो हुन सक्दैन । प्रारम्भको केही वर्ष यस्ता सहयोग र अनुदानलाई अस्वाभाविक मान्न नसकिएला तर निरन्तरको सहयोग र अनुदान घातक हुन सक्छ । परनिर्भरताले स्वायततालाई कमजोर बनाउँछ, आफ्नो पहिचान गुम्दै जान्छ, अनि अरुको जीवनमरणसँग आफ्नो जीवनमरण गाँसिन पुग्छ । त्यसैले हरेक संस्थाले आत्मनिर्भर हुन आफ्नो वित्तीय कारोवारबाट वर्षेनी नाफा कमाउन जरुरी छ । नाफाले संस्थाको वित्तीय दिगोपनको प्रत्याभूति गराँउछ, स्वायततालाई सुनिश्चित गर्छ, आमजनसमुदायको संस्थाप्रतिको विश्वास अभिवृद्दि गराउँछ, शेयर सदस्यको लगानी र बचतलाई सुरक्षित गर्छ, अनि वित्तीय दिगोपनाको प्रत्याभूति हुन्छ ।

६. **संस्थामा आफ्नो भूमिकाको ज्ञान नहुनुः** सहकारी संस्था भनेको सहकारी ऐन, २०४८ अनुरुप दर्ता भई वैधानिक अस्तित्व पाएको एउटा सामुदायिक संस्था हो । ऐन, नियम वा कानून अनुसार जन्म भएको हुनाले यस्ता संस्थालाई कृत्रिम व्यक्ति भनिन्छ । यसैले संस्थाले प्राकृतिक व्यक्ति अर्थात मानिस सरह आफ्नो काम आफैं गर्ने, आफ्नो रोग र पिडाको उपचार आफैं गर्ने वा आफ्नो सम्पत्तिको सुरक्षा आफैं गर्न सक्दैन । उसको ज्ञानेन्द्रिय वा कर्मेन्द्रिय जे भने पनि उसको शेयर लगानीकर्ता सदस्य नै हुन । अझ यथार्थमा संचालक भनेको संस्थाको मस्तिष्क हुन र कर्मचारी भनेको कृत्रिम व्यक्तिरुपी संस्थाको हात हुन् । मस्तिष्कले सही ढंगले सोच्ने र हातले मेहनत नगर्ने हो भने संस्था पक्षघात (Paralysis) जस्तो खतरनाक रोगको शिकार हुन्छ । शेयर सदस्य निस्कृय भै दिए भने संस्था क्रमशः कमजोर भई मृत घोषित हुन सक्छ । संस्थालाई सही ढंगले हाँक्ने र एउटा निश्चित समयभित्र निश्चित गन्तव्यमा पुऱ्याउने पाइलट हुन, संचालकहरु अनि बनाइएका नियम, कानूनको अक्षरशः पालना गराई तोकिएको सीमा भित्र रही मात्र हिड्न दिशा निर्देश गर्ने व्यक्ति हुन, कर्मचारीहरु र विषेशरुपले संस्था प्रवन्धकहरु । कृत्रिम व्यक्तिरुपी संस्थाको महत्वपूर्ण अंगको रुपमा रहेका यी दुई बीच समन्वय भई आ-आफ्नो जिम्मेवारीको इमान्दारपूर्वक पालना भएमा छोटो अवधिमा संस्थाले फड्को मार्न सक्ने कुरा निर्विवाद छ ।

**निश्कर्षः**

सुशासन, पारदर्शिता, वित्तीय अनुशासन, नीति नियमको पालना यथार्थ र छिटो सूचनाको प्रवाह, समयानुसारको प्रविधिको उपयोग आदि एउटा संस्थालाई दिगो र सुदृढ बनाउने अत्यावश्यक कुराहरु हुन् । यस तथ्यलाई हृदयंगम गरी सम्बद्ध पक्षहरु जिम्मेवारीका साथ अगाडी बढेमा आफ्नै गाउँ, टोलमा रहेको सहकार्य र साझा विकासका लागि स्थापित आफ्नै कतिपय संस्थाले जीवन मरणको दोसाँधमा उभिने अवस्था आउँदैन । संस्थाका सदस्यहरु र विशेष गरी वित्तीयरुपले कमजोर रहेका संस्थाका सदस्यहरुको लागि निर्णयको घडी आएको छ, दुर्वल र असहायहरुका लागि निर्मित संस्थामा एउटा ईट अझ थप्ने र आफ्नो सन्ततीलाई अझ सुन्दर र स्वस्थ्य संस्था सुम्पेर जाने वा "मै बाँचु, मै नाँचु, अरु सबै मरुन दुर्वलहरु" भन्ने वाक्यांशलाई चरितार्थ गरी विवेकशुन्यता र अबुझको परिचय दिने । पुनरागमन नहुने गरी एकपटकका लागि पाएको सुन्दर जीवनलाई सार्थक बनाउन हरेक मानवले रोज्नै पर्ने कुरा विनाश होइन, त्यो हो सृजना र विकास ।

✣✦✣

(पृष्ठ नं. १ को बाँकी अंश)

किसानका समस्यालाई लघुवित्त सेवा बिस्तार कार्यक्रमले सहयोग गरेको तथ्यलाई बिर्सन नसकिने कुरा बताउनु भयो । मिनाहा र माफिको संस्कारले वित्तीय संरचनालाई जहिले पनि कमजोर बनाउने कुरामा जोड दिँदै माननीय मन्त्रीज्यूले द्वन्दको समयमा मारमा परेका व्यवसायीलाई सरकारले छुट दिनसक्ने भए पनि त्यो बहनामा ऋण नतिर्ने सबैलाई माफ दिन नसकिने कुरा प्रष्ट पार्नुभयो । झुठो आस्वासन बाँढ्दै ऋण नतिर्न प्रचार गर्नेहरु प्रति संकेत गर्दै उहाँले त्यस्ता अफवाहहरुको विश्वास नगर्न समेत आव्हान गर्नुभयो । बिपन्न वर्गमा इमान्दारीता बढि भएकोले असुलीदर उच्च रहनै एवं लघुवित्तको सन्दर्भमा महिलाको सहभागिता अत्यन्त राम्रो, अनुशासित र ईमान्दार रहेको अध्ययनहरुले देखाएकाले गर्दा लघुवित्त मार्फत गरिबी घटाउन महिलाहरुको सहभागिता बढाउन सम्बन्धित सबैको ध्यानाकर्षण गराउनु भयो ।

कार्यक्रममा कृषि विकास बैंकका महाप्रबन्धक श्री योगेश्वर पन्तले साना किसान विकास आयोजना, साना किसान सहकारी संस्था हुँदै अब यसको ...तीय र गैर वित्तीय सञ्जालको पूर्णताको समय आएको हुँदा वित्तीय सञ्जालको लागि साना किसान विकास बैंकको स्थापना भएको एवं गैर वित्तीय सेवा सञ्जालको रुपमा साना किसान सहकारी संघहरु निर्माण भई रहेका कुरा बताउनु भयो । साना किसान सहकारी अभियानमा यो आफ्नै र विशिष्ट किसिमको संरचना निर्माण भएको उल्लेख गर्दै उहाँले कृषि विकास बैंकले साना किसान विकास बैंकमा रहेको आफ्नो हिस्साको शेयर पनि साना किसान सहकारी संस्थाहरुलाई अफलोड गरी यस बैंकमा साना किसान सहकारी संस्थाको बहुमत शेयर बनाउन संस्थाहरुलाई आव्हान गर्नुभयो । साना किसान विकास कार्यक्रमको शुरुवात देखि जी.टी.जेड.संस्थाले पुऱ्याएको सहयोगको प्रशंसा गर्दै उहाँले आगामी दिनमा समेत यस प्रकारको सहयोगको निरन्तरताका लागि सम्बन्धित सबै पक्षलाई आव्हान गर्नुभयो ।

कार्यक्रमका सभापति एवं साना किसान विकास बैंकका अध्यक्ष श्री क्षेत्र बहादुर सेजुवालले साना किसान विकास बैंकलाई कृषि विकास बैंकले शाखाको रुपमा प्रबर्धन गर्न खोजेको नभएर साना किसान सहकारी संस्थाहरुको आफ्नै बैंकको रुपमा हेर्न खोजेको कुरा पुन: स्मरण गराउनु भयो । लघुवित्त कार्यक्रम गरिबी निवारणको एक मजबुत औजार भएकोले यसलाई कृषि बैंकले छोडेको नभई साना किसान विकास बैंक मार्फत मात्र प्रभावकारी रुपमा जाने नीति लिएको प्रष्ट पार्नु भयो । समय समयमा कृषि ऋणलाई लिएर चलाईने अफवाहहरुले साना किसान विकास बैंक र साना किसान सहकारी संस्थाहरु समेतलाई असर पारेको कुरा स्मरण गर्दै अध्यक्ष सेजुवालले द्वन्दको अवस्थामा ग्रामीण क्षेत्रमा संगठित वित्तीय संस्थाको रुपमा रहेको एक्लो साना किसान सहकारी संस्थाहरुले विभिन्न कठिनाई भोग्दै सिमान्त किसानहरुलाई पुऱ्याएको वित्तीय तथा गैर वित्तीय सेवाको प्रसंशा गर्नु भयो । द्वन्द्वबाट प्रभावितहरुलाई नेपाल सरकारले बारबार राहत दिने कार्यक्रम ल्याएता पनि साना किसान सहकारी संस्थाबाट कर्जा लिएका द्वन्द्व प्रभावित विपन्न तथा साना किसानहरुले भने राहत पाउन नसकेको वस्तुस्थिति जानकारी गराउँदै उहाँले राज्यद्वारा उपलब्ध गराईने यस्ता द्वन्द पिडित राहत कार्यक्रमबाट साना किसानहरु पनि लाभान्वित हुने व्यवस्था मिलाई दिन माननीय मन्त्रीज्यू समक्ष अनुरोध गर्नु भयो । गरिबी निवारण त राज्यको दायित्व पो हो त भन्नेहरुका लागि साना किसान सहकारी संस्थाहरु गतिलो जवाफ बनेको कुरा बताउँदै अध्यक्षज्यूले स्वतस्फूर्त रुपमा गरिबी निवारण एवं लघुवित्त सेवा विस्तारमा लागेका बिजयी संस्थाहरुलाई बधाइ ज्ञापन गर्दै प्रतिस्पर्धामा बिजय लक्ष प्राप्त गर्ने कोसिस गर्नेहरुलाई यो पुरस्कार एक लक्ष्य र प्रेरणा बनोस् भन्ने कामना व्यक्त गर्नु भयो ।




अत्यन्त व्यस्तताका बावजुद साना किसान विकास बैंकको यस कार्यक्रमलाई महत्व दिई आतिथ्य ग्रहण गरिदिनु भएकोमा माननीय मन्त्री डा. रामशरण महतज्यू प्रति आभार प्रकट गर्दै बैंकका महाप्रबन्धक श्री उपेन्द्र बहादुर कार्कीले साना किसान विकास बैंक ६ बर्ष अघि स्थापना भई साना किसान सहकारी संस्थाहरु मार्फत गरिबीको रेखामुनी रहेका १ लाख ३० हजार परिवारका ७ लाख भन्दा बढी जनसंख्या माझमा लघुवित्त सेवा पुऱ्याउन सफल भएको कुरा जानकारी गराउनु भयो । सो अवसरमा बैंकले स्थापना देखि २०६४ असोज मसान्त सम्ममा कृषि विकास बैंक लि.को साना किसान सहकारी संस्थामा रहेको रु. १ अर्ब २६ करोड ८६ लाख कर्जा हस्तान्तरण गरी लिई सकेको, संस्थाहरुमा २ अर्ब २१ करोड १४ लाख कर्जा लगानी गरी रु. २ अर्ब ८ करोड ३२ लाख सावाँ एवं रु. ४० करोड ८५ लाख ब्याज असुली गरि सकेको, तथा हाल लगानीमा रही रहेको कर्जा रु. १ अर्ब ४० करोड पुगेको समेत जानकारी गराउनु भयो । महाप्रबन्धक श्री कार्कीले साना किसान विकास बैंकको विभिन्न कार्यक्रमहरुमा सहयोग पुऱ्याउने नेपाल सरकार, अर्थमन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, सहकारी विभाग एवं अन्य सरकारी निकायहरु प्रति हार्दिक आभार व्यक्त गर्नुका साथै नेपाल राष्ट्र बैंक, कृषि विकास बैंक, रुफिन/जी.टी.जेड., साना किसान सहकारी संस्थाहरु र अन्य दातृ तथा सहयोगी निकायबाट प्राप्त सहयोगको मुक्तकण्ठले प्रशंसा गर्दै आगामी दिनमा यसको विकास र प्रवर्धनका लागि सहयोगको निरन्तरता कायम रहने आशा व्यक्त गर्नुभयो ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक श्री शुशिल राम माथेमाले साना किसान सहकारी मोडेलले नेपालको ग्रामीण भेकमा सहकारी मार्फत कृषकहरुको आर्थिक तथा सामाजिक रुपान्तरण गर्न सकिने रहेछ भन्ने राम्रो सन्देश दिएको कुरा व्यक्त गर्दै नेपाल राष्ट्र बैंकले आफ्नो मौद्रिक लगायतका नीतिहरु मार्फत लघुवित्त कार्यक्रमको फैलावटमा रचनात्मक सहयोग गर्दै आएको र यस प्रकारका संस्थाहरुलाई पनि आफ्ना नीति कार्यक्रमहरुद्वारा क्रमिक रुपले मद्दत गर्दै जाने विश्वास दिलाउनु भयो ।

जी.टी.जेड. रुफिनका कार्यक्रम म्यानेजर श्री आर्मिन हफमेनले सन् १९८८ देखि नै साना किसान विकास कार्यक्रमको संस्थागत विकासको लागि जी.टी.जेड.ले कृषि विकास बैंकसँग सहकार्य गर्दै आएको र आगामी दिनमा पनि साना किसान सहकारी संस्था एवं यस बैंकसँग सहकार्यको लागि प्रतिवद्ध रहेको कुरा बताउनु भयो । श्री आर्मिनले साना किसान विकास बैंकको स्थापनाका लागि सम्भाव्यता अध्ययन एवं बिभिन्न कार्यालय उपकरणहरु समेत उपलब्ध गराउनुका साथै हाल सालै १४५ वटा साना किसान सहकारी संस्थाहरुको सम्परीक्षण तथा व्यावसायिक योजना निर्माणमा समेत रुफिनको सहयोग रहेको कुरा जानकारी गराउनु भयो । साना किसान सहकारी संस्थाहरुबीचमा लघुवित्त सेवा विस्तारका लागि प्रतिस्पर्धा गराउने एक नविनत्तम अभ्यास शुरु गरी बिपन्न एवं पिछडिएको वर्गलाई लघुवित्त सेवाको पहुँचमा ल्याउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

आ.व.२०६३/०६४मा साना किसान सहकारी संस्था लि.हरुद्वारा सञ्चालित लघुवित्त सेवा विस्तार प्रतिस्पर्धामा भाग लिई विजय भएका १२ वटा साना किसान सहकारी संस्था लि. हरुलाई प्रमाण पत्र तथा नगद पुरस्कार वितरण गर्ने सिलसिलामा आयोजित उक्त कार्यक्रममा साना किसान सहकारी संस्थाहरु क्रमश: दिगम्बरपुर (धनुषा), बछौली (चितवन), डुमरवाना (बारा), माकर र अग्यौली (नवलपरासी), आनन्दवन र शंकरनगर (रुपन्देही), कुम्पुर र सलाङ (धादिङ्ग), उत्तरगंगा र लाटिकोईली (सुर्खेत) तथा ताराताल (बर्दिया) पुरस्कृत भएका थिए । ती संस्थाहरुलाई माननीय अर्थमन्त्रीज्यूबाट नगद रु. असी हजार तथा प्रमाण-पत्रद्वारा पुरस्कृत गरिएको थियो ।

समारोहका विशिष्ट पाहुना माननीय अर्थमन्त्री एवं सम्पूर्ण अतिथिगणलाई बैंकका का.मु. मुख्य प्रबन्धक श्री शिवराम कोईरालाले स्वागत अभिवादन व्यक्त गर्नु भएको थियो भने कार्यक्रमको सञ्चालन प्रबन्धक श्री झलेन्द्र भट्टराईले गर्नु भएको थियो ।

# साना किसान विकास बैंक लि. को पाँच वर्ष

-अञ्जु पाठक
प्रबन्धक
साना किसान विकास बैंक लि.

ग्रामीण गरीबी निवारणको मूल उद्देश्य लिएको साना किसान विकास कार्यक्रमको मूल दर्शन एवं उद्देश्यहरु जीवन्त रहने गरी कृषि विकास बैंकको पहलमा वि.स. २०५८ साल असार २२ गते साना किसान विकास बैंक लि. को स्थापना भएको हो ।

ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न वर्ग तथा साना किसानहरुको सामाजिक तथा आर्थिक अवस्थाको उत्थानमा खुद्रा कर्जा लगानी गर्ने साना किसान सहकारी संस्था लि. तथा समान प्रकृतिका अन्य लघुवित्त संस्थाहरुलाई सस्थागत थोक कर्जा तथा अन्य गैर वित्तीय सेवा उपलब्ध गराई लघुवित्त बजारमा अग्रणी भूमिका निर्वाह गर्ने एक सबल एवं सक्षम विकास बैंकको रुपमा विकसित हुने परिकल्पनाका साथ स्थापित यस बैंकको व्यावसायिक अभिमुखिकरण र वित्तीय स्व–सक्षमता, राजनीतिक तटस्थता, ग्रामीण गरीबहरुको सेवामा प्रतिवद्धता, ग्राहकमुखी गुणस्तरीय सेवा, नीति र व्यवहारमा पारदर्शिता जस्ता मूल्यहरु रहेका छन् । साथै नेपाल राष्ट्र बैंकको मार्गदर्शन अनुरुप संस्थाहरुको कारोबारको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन दिने, लघु व्यवसाय एवं ग्रामीण वित्त बजारको विकास, विस्तार प्रवर्द्धन र सुदृढीकरण गर्ने तथा वित्तीय एवं प्राविधिक सहयोग उपलब्ध गराउने र आवश्यक तालिम उपलब्ध गराउने, संस्थाहरुको संस्थागत एवं मानव संशोधन विकासमा सहयोग गर्ने, संस्थाहरु मार्फत ग्रामीण जनताको आम्दानी एवं रोजगारीका अवसरमा अभिवृद्धि गरी गरिबी निवारण सम्बन्धी कार्यमा सघाउ पुर्‍याउने यस बैंकको उद्देश्य हो । यस बैंकले सर्वप्रथम आ.व. २०५९/०६० कृषि विकास बैंकसँग कारोबार गरिरहेका ५८ वटा संस्थाको ऋण कारोबार हस्तान्तरण गरिलिएकोमा आ.व. २०६३/०६४ मा ८ वटा इलाका कार्यालय मार्फत २१९ वटा संस्था कृषि विकास बैंकबाट हस्तान्तरण गरी लिएको छ ।

यसै गरी आ.व. ०६३/६४ को अन्तसम्ममा २१९ वटा संस्थाहरु मार्फत लगभग १ लाख ३० हजार विपन्न तथा साना किसान परिवारका भण्डै ७ लाख २८ हजार जनसंख्याले सामाज परिचालन र लघुवित्त सेवाको माध्यमबाट आर्थिक एवं सामाजिक विकासको अवसर प्राप्त गरेका छन् ।

### आ.व अनुसारको संस्था र किसान बिचको ऋण कारोवारको विवरण

तालिका - १

रु. लाखमा

| आर्थिक वर्ष | इलाका कार्यालय संख्या | संस्था संख्या | जिल्ला संख्या | कूल सदस्य | कूल आन्तरिक श्रोत | लगानीमा रहिरहेको रकम |
|---|---|---|---|---|---|---|
| ०५९/६० | ५ | ५८ | १९ | ३८३ | १५१६ | ६५७१ |
| ०६०/६१ | ७ | ३६ | २४ | १०२ | ५८१ | २६६४ |
| ०६१/६२ | ८ | २० | ३० | १८२ | ५०३ | २३४७ |
| ०६२/६३ | ८ | २७ | ३० | १२० | २०५ | १३२९ |
| ०६३/६४ | ८ | ७८ | ३९ | ३६० | १५२२ | ५१२२ |
| २०६४ आषाढ मसान्त | | २१९ | | १२९८५१ | ७२७२ | २१२९० |

### बैंकको कार्य क्षेत्र ईलाका कार्यालय एवं संस्था संख्या

तालिका नं - २

| क्र. सं. | इलाका कार्यालय | कार्यक्षेत्र/ जिल्ला | जिल्ला संख्या | संस्था संख्या |
|---|---|---|---|---|
| १ | बिर्तामोड | झापा, इलाम | २ | १६ |
| २ | इटहरी | मोरङ, सुनसरी | २ | १९ |
| ३ | जनकपुर | सप्तरी, सिराहा, धनुषा, सर्लाही, महोत्तरी, उदयपुर | ६ | ४७ |
| ४ | हेटौंडा | बारा, पर्सा, चितवन, रौतहट, मकवानपुर | ५ | २६ |
| ५ | गजुरी | धादिङ, नुवाकोट, काभ्रे | ३ | २१ |
| ६ | बुटवल | रुपन्देही, नवलपरासी, कपिलवस्तु, अर्घाखाँची, पाल्पा, गुल्मी | ६ | ३५ |
| ७ | पोखरा | कास्की, स्याङ्जा, बाग्लुङ, पर्वत, लम्जुङ, तनहुँ, गोर्खा | ७ | १७ |
| ८ | नेपालगञ्ज | बाँके, बर्दिया, सुर्खेत, दाङ, प्युठान, सल्यान, कञ्चनपुर, कैलाली | ८ | ३८ |
| जम्मा | | | ३९ | २१९ |

### बैंकको ऋण कारोवारको आ.व. अनुसार संक्षिप्त विवरण

तालिका - ३

रु. लाखमा

| आ.व | इ.का संख्या | संस्था संख्या | हस्तान्तरित सावा | नया ऋण लगानी | सावा असुली | ब्याज असुली | लगानीमा रहिरहेको रकम | असुली दर |
|---|---|---|---|---|---|---|---|---|
| ०५९/६० | ५ | ५८ | ४५९८ | १०७१ | ९२१ | २२८ | ४७४८ | ७३% |
| ०६०/६१ | ७ | ३६ | १९८५ | २९०७ | २२१८ | ७२८ | ७०२४ | ८२% |
| ०६१/६२ | ८ | २० | ९६१ | ४४१७ | ३८०० | ८१३ | ८६०१ | ८१% |
| ०६२/६३ | ८ | २७ | १३४७ | ५०६७ | ५४१७ | ९३५ | ९५९८ | ८५% |
| ०६३/६४ | ८ | ७८ | ३०९५ | ६९७५ | ६५७३ | ११४० | १३७९५ | ८५% |
| ०६३/६४ मंसिर | ८ | २१९ | ० | २११९ | २२०६ | ३९४ | १४१०७ | ६४% |

## कार्यसञ्जाल विस्तार

२०५८ साल फागुन २७ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्ने इजाजत प्राप्त गरेपछि मुलुकभरी छरिएर रहेका साना किसान सहकारी संस्था लि. र यस्तै प्रकृतिका अन्य संस्था समेतलाई यस बैंकबाट प्रदान गरिने सेवालाई छिटो, छरितो बनाउन आठ वटा इलाका कार्यालय अन्तरगत निम्नानुसार संस्थाहरुले सेवा प्राप्त गरिएका छन् ।

२०५९ मंसिर देखि ०६४ मंसिर मसान्तसम्ममा कृषि विकास बैंक लि.को साना किसान सहकारी संस्था लि.हरुमा रहेको रु.१ अरब २६ करोड ८६ लाख कर्जा यस बैंकले हस्तान्तरण गरी लिई सकेको छ । यस अवधिमा बैंकले साना किसान सहकारी संस्था लि.हरुमा २ अरब ३३ करोड ५६ लाख कर्जा लगानी गरी २ अरब १९ करोड ३५ लाख सावाँ र ४२ करोड ३८ लाख ब्याज असुली गरी सकेको छ भने लगानीमा बाँकी ऋण सम्पती रु. १ अरब ४१ करोड ७ लाख रहेको छ ।

## आर्थिक कारोवारको साथसाथै सञ्चालन गरिएको अन्य क्रियाकलापहरु

### संस्थागत विकास कार्यक्रमको अन्तर्राष्ट्रिय पहिचान

साना र सीमान्त किसान परिवारलाई वित्तीय सेवा पुऱ्याउने कार्यमा एक सफल मोडलको रुपमा मूल्याङ्कन गरी संस्थागत विकास कार्यक्रमको साना किसान सहकारी संस्थाको अनुशरण कार्यक्रमका लागि सन् २००३ मा Consultative Group to Assist the Poor (CGAP)/ World Bank ले ५० हजार अमेरिकी डलर पुरस्कार प्रदान गरेको छ। उक्त पुरस्कार राशीलाई Trust Fund को रुपमा राखि चितवन, बारा, नवलपरासी र रुपन्देही जिल्लाका ४ वटा गा.वि.स.मा सम्पूर्ण रुपमा महिलामात्रको सहभागीता रहेको अनुशरण कार्यक्रम संचालन गरी सफलता पूर्वक थप ४ नयाँ संस्थाहरुको स्थापना भई सकेका छन्।

### अनुसरण कार्यक्रम

नेपाल सरकारको आ.व.२०६४/६५ को बजेटमा व्यवस्था भए अनुरुप थप १२ वटा गा.वि.स.मा अनुसरण कार्यक्रम सञ्चालन गरिएको छ। यो कार्यक्रमबाट दुई बर्षमा थप लगभग ५,००० विपन्न तथा साना किसान परिवार लाभान्वित हुने लक्ष राखिएको छ। यसका साथै सि.जि.ए.पी.को पुरस्कार राशीबाट साना किसान सहकारी संस्था लि. दुधराक्ष मार्फत नवलपरासीको गजेडि गाविसमा अनुसरण कार्यक्रम संचालन रहेको छ भने साना किसान सहकारी संस्था लि.ताराताल बर्दियाद्वारा थप एक गाविसमा चालु आ.ब. देखि अनुसरण कार्यक्रम संचालन गरिने भएको छ। यस प्रकार आ.ब. ०६५/०६६ भित्रमा थप १४ नयाँ साना किसान सहकारी संस्थाहरुको गठन भई संचालनमा आउने छन्।

### वा विस्तार कार्यक्रम

सेवा क्षेत्र विकासकालागि जी.टी.जेड./ रुफिनको सहयोगमा साना किसान सहकारी संस्थाहरुबीचमा नै प्रतिस्पर्धा गराई बढी भन्दा बढी गरीब तथा विपन्न बर्गमा सेवा पुऱ्याउने संस्थाहरुलाई "व्यवसाय विस्तार पुरस्कार' प्रदान गर्ने कार्यक्रम सञ्चालन गरेकोमा १२ वटा साना किसान सहकारी संस्था पुरस्कृत भएका छन्।

### सीमित बैंकिङ कारोवारको निरीक्षण तथा सुपरीवेक्षण

नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृती प्राप्त गरेका साना किसान सहकारी संस्था लि. हरुको निरीक्षणको जिम्मा नेपाल राष्ट्र बैंकले यस बैंकलाई नै दिएको छ। यो व्यवस्था अन्तर्गत तोकिएको संस्थाहरुको नियमित निरीक्षण तथा सुपरीवेक्षण गरी आवश्यक सहयोग र सुझाव प्रदान गर्ने कार्य भइरहेको छ।

### पुनरस्थापन कोषको व्यवस्था

मुलुकमा लामो अवधि सम्म रहेको द्वन्द्व-अवस्थाको कारण ग्रामीण क्षेत्रमा सेवारत साना किसान सहकारी संस्था लि.हरु समेत प्रभावित भएको अवस्थामा यस्ता संस्थाहरुको पुनरस्थापन गरी पुनः सुचारु रुपले सञ्चालन हुन सक्ने वातावरण तयार पार्न सहयोग पुऱ्याउने उद्देश्यले रुफिन/जी.टि.जेड., कृषि विकास बैंक र यस बैंकको सहभागितामा एक पुनरस्थापन कोष खडा गरिएको छ। यस कोषबाट ८० वटा भन्दा बढी द्वन्द्व प्रभावित साना किसान सहकारी संस्था लि.हरुले सहयोग प्राप्त गरी आफ्नो सेवा कारोबारलाई सुचारु रुपमा सञ्चालन गर्न सफल भएका छन्।

### साना किसान संघ निर्माण

साना किसान सहकारी संस्था लि.हरुलाई वित्तीय सेवाको अतिरिक्त गैर वित्तीय सेवाहरु समेत पुऱ्याउन उत्तिकै आवश्यक छ। यसै तथ्यलाई मनन् गरी रुफिन/जी.टी.जेड. समेतको सहयोगमा केन्द्रीय स्तरमा १ र इलाका/जिल्ला स्तरीय ६ वटा संघहरु स्थापना भएका छन्। आगामी दिनहरुमा यस बैंकले मूलतः वित्तीय सेवा पुऱ्याउनमा आफूलाई केन्द्रित गर्ने र संघहरुले गैर वित्तीय सेवा संचालन गरि बिपन्न तथा साना किसानहरुको सामाजिक सामुदायिक विकास गर्ने रणनीति अबलम्बन गरिएको छ।

### तालिम तथा गोष्ठी सञ्चालन

संस्थाका सञ्चालक/कर्मचारीहरुलाई यस बैंकले दातृ संस्था तथा नेपाल सरकारबाट प्राप्त



अनुदान तथा सहयोगबाट साना किसान सहकारी संस्था स्तरमा विभिन्न किसिमका सीप र क्षमता अभिबृद्धि गर्ने तालिम/गोष्ठी तथा छलफल कार्यक्रमहरुको सञ्चालन गरिएका छन्।

### सामाजिक तथा सामुदायिक विकास कार्यक्रम

साना किसान सहकारी संस्था लि.लाई नेपाल सरकारबाट प्राप्त अनुदान तथा सहयोगबाट सामाजिक तथा सामुदायिक विकास कार्यक्रम सञ्चालन गरी साना किसान तथा बिपन्न परिवारलाई प्रत्यक्ष लाभ पुऱ्याएको छ।

### भूमिगत सिंचाई परियोजना

नेपाल राष्ट्र बैंक अन्तरगत ग्रामीण स्वावलम्बन कोष मार्फत यस बैंकले आ.व.२०६३/६४ मा २१ वटा संस्थाहरु मार्फत २१९ वटा जल उपभोक्ता समूहमा आवद्ध भएका ८६१ परिवारको लगभग तीन सय हेक्टर जमीनमा सिंचाई सुविधा पुऱ्याएको छ।

### रेमिट्यान्स सेवा

साना किसान परिवारका सदस्यहरु ठूलो संख्यामा रोजगारीको लागि विदेशमा रहेको र निजहरुले पठाउने रकम सहज ढंगले प्राप्त गर्न कठिनाई रहेको अवस्थामा यस बैंकले रेमिट्यान्स कारोबारमा संस्थाहरुलाई समेत संलग्न गराई घर आँगनमानै रकम उपलब्ध गराउने व्यवस्था मिलाएको छ। गाउँमा रहेका संस्थाबाट सहज रुपमा रकम उपलब्ध हुदाँ स्थानीय बासिन्दाले ठूलो राहत महसुस गरेका छन्।

### निश्कर्ष

देशमा फैलिएको द्वन्द्वका बाबजुद विपन्न बर्गको सामाजिक एवं आर्थिक अवस्थामा सुधार ल्याउन स्थापित संस्थाहरुलाई सजिव बनाई राख्न बैंक सफल भएको छ। यस बैंकले आफ्ना कर्मचारीको ज्ञान र दक्षतामा अभिबृद्धि गर्ने, व्यवसाय विविधकरणद्वारा ग्रामीण गरीबको आवश्यकतानुरुपको नयाँ नयाँ ऋण, बचत तथा अन्य सेवा उपलब्ध गराउने र बस्तु/सेवाको मूल्य पूर्ण लागत प्रणाली अनुरुप निर्धारण गर्ने तथा लघुवित्तमा व्यवसायिकरणको सोच अनुरुप वित्तीय गतिविधीहरु सचालन गर्ने योजना रहेको छ। राष्ट्रिय लघुवित्त कोषको स्थापना मार्फत गरिबी निवारणमा प्रत्यक्ष रुपले संलग्न संस्था यस बैंकलाई नेपाल सरकार लगायत दातृ निकायहरुको थप आर्थिक एवं प्राविधिक सहयोग तथा सद्भाव प्राप्त भैरहेमा दशौं योजनाको, गरिबी निवारण रणनीतिपत्रमा उल्लिखित उद्देश्य पुरा गर्नमा यस बैंकले महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने कुरामा दुई मत छैन।

# साना किसान विकास बैंकका अपेक्षाहरू

**काठमाडौं** । मिति २०६४ मंसिर ६ गतेका दिन साना किसान विकास बैंकको केन्द्रीय कार्यालय काठमाडौंमा आयोजित "लघुवित्त सेवा विस्तार प्रतिस्पर्धामा विजयी साना किसान सहकारी संस्थाहरुलाई पुरस्कार वितरण समारोह" मा माननीय अर्थमन्त्री डा. रामशरण महतको गरिमामय उपस्थितिमा बैंकका महाप्रबन्धक श्री उपेन्द्र बहादुर कार्कीले राज्यका तर्फबाट साना किसान विकास बैंकले राखेका अपेक्षाहरु प्रस्तुत गर्नु भएको थियो । उक्त अपेक्षाहरु यहाँ जस्ताको तस्तै प्रस्तुत गरिएको छ ।



**१. ब्याजदरको (Soft Loan) दिर्घकालिन ऋण**
सहस्राब्दी विकास लक्ष प्राप्त गर्न लघुवित्त क्षेत्रको विकास पनि आवश्यक औजारको रुपमा रहेको छ । यस बैंकले रणनीति योजना अनुरुप ५०० वटा लघुवित्त संस्था मार्फत ५०० करोडको लघु कर्जा प्रवाह गर्ने लक्ष पुरा गर्न तुलनात्मक कम ब्याजदरको दिर्घकालिन ऋण पूँजी प्राप्त भएमा लघुवित्त बजारमा यस बैंकको प्रतिस्पर्धात्मक क्षमतामा वृद्वि भई व्यवसायिक सोच अनुरुप लघुवित्त सेवामा विस्तार हुने निश्चित छ । दातृ निकाय मार्फत यस प्रकारको सरल कर्जाको व्यवस्थाका लागि सरकार प्रति अपेक्षा राख्दछौं ।

**२. मानव संशाधन विकास सहयोग**
ग्रामीण गरीवहरुकै स्वामित्व र व्यवस्थापनमा संचालन भएका यी साना किसान सहकारी संस्थाको सुदृढीकरण र क्षमता विकास गराई अझ बढी समावेशी गराउन यी संस्था मार्फत आय आर्जन गतिविधीको अलावा स्थानीय मानव संशाधन विकासका लागि गरीवी निवारण कोष मार्फत बजेट व्यवस्थाका लागि अनुरोध गर्न चहान्छु ।

यसका साथै Missing Ingredients को रुपमा रहेको उद्यमशीलता र प्रविधि (Technology) लाई साना किसान परिवार सम्म पुर्‍याउन सहयोग हुनु आवश्यक देखिएको छ ।

**३. विपन्न वर्गको बीमा कार्यक्रम**
साना किसान सहकारी संस्था मार्फत संचालित पशु बिमा कार्यक्रममा नेपाल सरकारबाट ५० प्रतिशत Premium अनुदान प्राप्त भैरहेकोमा सो लाई निरन्तरता दिई साना किसान/परिवारको सुरक्षाका खातिर विपन्न बर्गको विशेष लघुवीमा कार्यक्रम वृहत रुपमा सञ्चालन गर्न सरकारको सहयोग हुनु पर्ने हाम्रो धारणा रहेको छ ।

**४. सामाजिक सामुदायिक विकासका लागि थप बजेट**
नेपाल सरकारबाट सामाजीक/सामूदायिक कार्यक्रमका लागि प्राप्त अनुदान रकमको सानो अंशले स्थानीय सहभागीतामा सामाजीक सम्पत्ति सृजनामा ठूलो बल मिलेको हुँदा साना किसान सहकारी संस्थाको बढ्दो संख्यालाई दृष्टिगत गरी आगामी वर्षमा थप बजेट व्यवस्था भए अझ प्रभावकारी रुपमा सो को प्रगति हुने कुरामा विश्वास दिलाउन चहान्छौं ।

**६. लघुवित्त सेवा विस्तारका लागि अनुसरण कार्यक्रम**
यस बैंकले संचालन गरेको Farmer to Farmer Replication Program बाट २ बर्ष भित्रैमा साना किसानकै स्वामित्वमा छुट्टै लघुवित्त सहकारी संस्था निर्माण भैरहेको तथ्यलाई हृदयंगम गरी लघुवित्त सेवाको द्रुत विस्तारका लागि चालु आ.व.मा अनुदान स्वरुप नेपाल सरकारबाट रु.२५ लाख प्राप्त हुने भएको कुरा ज्यादै सराहनीय छ । यस कार्यक्रमलाई व्यापक रुपमा विस्तार गरी सम्भव भए सम्म हरेक गा.वि.स.मा एउटा यस्तो साना किसान सहकारी संस्था निर्माण गर्न बैंकले गर्ने प्रयासमा सहयोगको अपेक्षा गर्दछौं ।

**७. द्वन्द र साना किसानमा परेको असर**
द्वन्दका कारण साना किसान सहकारी संस्था र तिनका ऋणी सदस्यहरु समेत बिस्थापित हुनु परेको तथ्यलाई बिचार गरी साना किसान परिवारले लिएको लघुकर्जा औचित्यताको आधारमा मिन्हा/छुट गर्ने पर्ने परिस्थिति सृजना भएको छ । यसका लागि नेपाल सरकारबाट सहयोगको अपेक्षा गरिएको छ ।

**८. गरिबी निवारण र कर्पोरेट कर व्यवस्था**
गरिवी निवारणमा प्रत्यक्ष रुपले संलग्न "घ" वर्गको यस लघुवित्त विकास बैंकलाई अन्य बैंक/वित्तीय संस्था सरहको कर्पोरेट कर नलगाई यस्तो कर छुट वा कम गर्न बैंकको तर्फबाट बिनम्र अनुरोध गर्दछौं ।

## साना किसान कृषि सहकारी केन्द्रीय संघको गठन

चितवन । साना किसान सहकारी संस्था लि. हरुको छाता संगठनको रुपमा रहने गरी यही मिति २०६४ पौष १९ गते साना किसान सहकारी संस्था लि. बीरेन्द्रनगर चितवनमा सम्पन्न साना किसान सहकारी संस्था लि.हरुका प्रतिनिधिहरुको भेलाले साना किसान कृषि सहकारी केन्द्रीय संघको गठन गर्ने निर्णय गर्नुको साथै श्री खेम बहादुर पाठकको अध्यक्षतामा ११ सदस्यीय केन्द्रीय तदर्थ समितिको गठन गरेको छ । उक्त समितिका अन्य पदाधिकारीहरुमा श्री धर्म आत्रेय उपाध्यक्ष, श्री एक राज उप्रेती सचिव, एवं श्रीमती चाँदनी ढकाल कोषाध्यक्षमा निर्वाचित हुनु भएको छ भने श्री सुखदेव न्यौपाने, श्री ठाकुर आचार्य, श्री गोपाल आचार्य, श्री पूर्ण शर्मा, श्री मदन कुमार दाहाल, श्री शिव बहादुर भण्डारी र बसन्त देवकोटा सदस्यमा निर्वाचित हुनु भएको छ ।


केन्द्रीय अध्यक्ष खेम बहादुर पाठक

बिभिन्न २० जिल्लाहरुमा साना किसान कृषि सहकारी जिल्ला संघ दर्ता गर्ने क्रम जारी रहेको र रुपन्देही जिल्लाको संघ दर्ता प्रक्रिया अन्तिम चरण पुगिसकेको कुरा संघका नवनिर्वाचित अध्यक्ष श्री पाठकले जानकारी गराउनु भएको छ ।

- आफ्ना सदस्यहरुलाई सामाजिक तथा आर्थिक कार्यक्रममा सहभागी गराउने ।
- गाउँ घरमा नै केन्द्रिय कार्यक्रम ।
- सम्पत्ति तथा दायित्वमा सदस्यहरुको नै पूर्ण स्वामित्व रहने ।
- आफूलाई आवश्यक पर्ने कार्यक्रम आफै बनाई कार्यान्वयन गर्न सक्ने ।

## २.६. हाल सम्मको अवस्था : (२०६३/०६४)

- गा.वि.स.को जम्मा परिवार संख्या : ८४६०
- साना किसान परिवार संख्या : ६५७३
- घरधुरी संख्या : १६००
- साना किसान घरधुरी संख्या : १४८८

## ३. संस्थामा आवद्ध

- समूह : ७० महिला ९९ पुरुष गरी जम्मा १६९
- अन्तर समूह : २ महिला १३ पुरुष गरी जम्मा १५
- संचालक समिति सदस्य : २ महिला १३ पुरुष गरी जम्मा १५
- लेखा समिति सदस्य : ३ पुरुष जम्मा ३
- सदस्य संख्या : ६११ महिला ७५५ पुरुष गरी जम्मा १३६६


## ४. पूँजीको अवस्था :

- सदस्यबाट संकलित पूँजी : १,४३,९८,०००।-
- उपभोग गरेको पूँजी : ३,२४,२१,०००।-
- चुक्ता शेयर पूँजी : १४,८२,०००।-






## ५. संस्थाको संगठानिक संरचना :




## ५.१ कर्मचारीहरुको संगठानिक संरचना




## साना किसान सहकारी संस्था लि.

सिमित बैकिङ्ग कारोबार
नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त
कुमरोज, चितवन
फोन नं. ०५६-६२०७९५

दर्ता नं. ५२/०५२/०५३ दर्ता मिति: २०५२/१०/३१

# साना किसान सहकारी संस्था लि.

कुमरोज, चितवनको

# संक्षिप्त विवरण
# (Introduction)





## Small Farmer Co-operative Ltd.

Kumroj, Chitwan

## १) पृष्ठभूमि

ग्रामीण क्षेत्रमा व्याप्त गरीबी, निवारण प्रयासको क्रममा श्री कृषि विकास बैंकले २०३२ सालमा शुरु गरेको साना किसान विकास कार्यक्रम नेपालको गरीबी निवारण कार्यक्रमहरु मध्ये सबैभन्दा ठूलो कार्यक्रम मात्र होइन साना किसानहरु बीच लामो समयसम्म लोकप्रिय ठहरिएको कार्यक्रम पनि हो । साना किसानहरुलाई समूहमा आवद्ध गरी, समूह, अन्तर समूह निर्माण गरी, संचालक समिति वा व्यवस्थापन समिति गठन गरी, समूहहरुको, माध्यमबाट संभावित विभिन्न आर्थिक तथा सामाजिक कार्यक्रमहरु मार्फत ठोस कार्यक्रममा सहयोग पुऱ्याई सेवा दिने र लिने बीचको सम्बन्धलाई न्यून गर्नु नै साना किसान सहकारी संस्था लि. हरुको मुख्य उद्देश्य हो ।

यो कार्यक्रमले साना किसानहरुको जीवनस्तर उकास्नमा महत्त्वपूर्ण योगदान पुऱ्याई, नेपालको गाउँ-गाउँ, बस्ती-बस्तीमा बसोबास गरेको साना किसानहरुको अवस्था पहिचान गरी गरीबी निवारण उन्मुख गर्न सहयोग गरेकोमा दुई मत नहोला । तसर्थ नेपालमा संस्थागत विकास कार्यक्रमको थालनी वि.सं. २०४३ सालदेखि जि.टि.जेड. (रूफिन) मार्फतको सहयोगमा साना किसानहरुकै नेतृत्व विकास गरी उनीहरुबाट नै यो कार्यक्रम चलाउने अवधारणा अनुरुप साना किसान विकास कार्यक्रमको संस्थागत विकास प्रक्रियाको सुरुवात भएको हो । यस कुमरोज गाउँ विकास समितिमा संस्थागत विकास कार्यक्रम वि.सं. २०४९ सालदेखि शुरुवातको थालनी भयो । संस्थागत विकास कार्यक्रमले साना किसानहरुमा व्यवस्थापीय क्षमता अभिवृद्धि, नेतृत्व विकास, सामाजिक तथा सामुदायिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । साना किसानहरुको यस्ता प्रकारका संगठनलाई कानुनी मान्यताको निम्ति साना किसान सहकारी संस्था लि. को रुपमा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयमा दर्ता भई साना किसानको व्यवस्थापन कार्य हस्तान्तरण गर्ने कार्यक्रमको शुरुवात भयो । तत् अनुरुप यो संस्था कृषि विकास बैंकबाट २०५३ साल असाढ मसान्तमा साना किसान सदस्यको माफमा श्री कृषि विकास बैंक साना किसान विकास आयोजना कुमरोज, चितवन साना किसान सहकारी संस्था लि. कुमरोज, चितवनमा व्यवस्थापन कार्य हस्तान्तरण गर्नमा सफल भयो ।



## २) संस्थाको परिचय :

नाम ठेगाना : साना किसान सहकारी संस्था लि.
कुमरोज, चितवन

दर्ता : २०५३

निकाय : सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, भरतपुर चितवन

दर्ता मिति : २०५३।१०।२१

कार्य क्षेत्र : कुमरोज गा.वि.स. र कठार गा.वि.स. चितवन

व्यवस्थापन हस्तान्तरण मिति : २०६० सालमा

गा.वि.स. : कठार गा.वि.स.

- स्थानीय किसानहरुलाई आवश्यक पर्ने सेवा तथा सुविधा उपलब्ध गराउन ।
- स्थानीय किसानहरु नै सहभागी भएको ।
- मिति २०५३।३।३० गतेदेखि यस क्षेत्रमा स्थापना भई संचालन गर्न लागेको ।
- सम्पूर्ण स्वामित्व, नियन्त्रण र व्यवस्थापन स्थानीय साना किसानहरुमा नै रहेको ।
- यसले साना किसानहरुलाई समूहमा आवद्ध गरी उनीहरुलाई नै जागरूक बनाउँछ ।
- उनीहरुलाई स्थानीय स्रोत, साधन र सीपको उपयोग गर्ने क्षमतामा वृद्धि गराउँछ ।
- उनीहरुको सामाजिक तथा आर्थिक अवस्थामा सुधार ल्याउँछ ।

### २.१ साना किसान सहकारी संस्था कुमरोज लि. बारे जानकारी

### परिचय :

- यो मिति २०५३।३।३० मा स्थापना भएको गरीब साना किसानहरुको आफ्नै संगठित संस्था हो ।
- यस संस्थाको मालिक भनेका यसै गाउँका धनी, गरीब महिला पुरूष साना किसानहरु हौं ।



- यसको व्यवस्थापन, नियन्त्रण र स्वामित्व हामी किसानहरुमा नै निहित हुन्छ ।
- यसको चल, अचल सम्पत्ति हाम्रै हुन्छ ।
- यस संस्थाबाट आउने सबै फाइदाहरु हामीहरु नै बाँडेर लिन्छौं ।
- यो संस्था हामीले हाम्रो लागि हामीहरुद्वारा नै चलाएका हौं र यसलाई दिगो रुप दिनु हाम्रो कर्तव्य हुन्छ ।

### २.२. यसको उद्देश्य :

- साना किसानहरुलाई समूहमा आवद्ध गराई जागरुक गराउने ।
- स्थानीय स्रोत, साधन र सीपको उचित उपयोग गर्ने क्षमतामा वृद्धि गराउने ।
- साना किसानहरुको आर्थिक एवम् सामाजिक अवस्थामा सुधार ल्याउने ।

### २.३. यस सदस्यहरुले अनुशासनमा रही निम्न कार्यहरु गर्छन् ।

- नियमिति मासिक बैठक
- नियमित मासिक बचत
- लिएको ऋणको ब्याज र सावाँ नियमित भुक्तानी
- साधारण सभा र सहभागीता मूल्याङ्कन गोष्ठीमा अनिवार्य भाग लिने ।
- सदस्यहरुले संस्थाको हित भएका आफ्नो हित हुने सदा इमान्दार भई गर्छन ।

### २.४. संस्थाले सदस्यहरुलाई दिने सेवा :

- कृषि सामाग्री तथा उपज बेचबिखन, उपभोक्ता पसल संचालन, दुग्ध संचालन तथा बिक्री वितरण, यातायात सेवा संचालन, संचार सेवा पशु स्वास्थ्य सेवा, पशु बिमा, बैकिङ्ग सेवा सामाजिक तथा सामुदायिक कार्यक्रम र अन्य आवश्यक सेवाहरु ।

### २.५. यसको विशेषता:

- गाउँ विकास समितिस्तरको साना किसान सहकारी संस्था
- गाउँ, वडा र गा.वि.स. गरी तीन तहको संरचना (समूह, अन्तर समूह, मूल समिति वा संचालक समिति)